Narainapur, Banke
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

प. सं. Ref. No.-:२०८३।०८४ | मिति Date:- वि.सं.२०८३।०५।३०

च. नं. Dispatch No. -: | ने.सं. ११४६

# हार्दिक श्रद्धाञ्जली तथा समवेदना

साबिक गंगापुर गाउँ विकास समितिका अध्यक्ष (प्रधान) तथा नरैनापुर गाउँपालिका वडा नं. ६ का निवर्तमान वडाध्यक्ष श्री बिरेन्द्र पाल सिंहज्यूको मिति २०८३/०५/२९ गते भएको दुःखद् निधनले सम्पूर्ण नरैनापुर गाउँपालिका अत्यन्तै मर्माहत भएको छ। स्वर्गीय सिंहज्यूले स्थानीय जनप्रतिनिधिका रूपमा समाजको विकास, जनताको हित तथा सार्वजनिक सेवाका क्षेत्रमा पुऱ्याउनुभएको योगदान सधैं स्मरणीय र अनुकरणीय रहनेछ। उहाँको निधनले नरैनापुरले एक अनुभवी, दूरदर्शी एवं समर्पित जनप्रतिनिधि तथा समाजसेवी व्यक्तित्व गुमाएको छ। उहाँले पुऱ्याउनुभएको अतुलनीय योगदानप्रति नरैनापुर गाउँपालिका हार्दिक सम्मान व्यक्त गर्दछ। यस दुःखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै, यस अपूरणीय क्षतिको पीडामा रहनुभएका सम्पूर्ण शोकसन्तप्त परिवारजन, आफन्त तथा शुभेच्छुकहरूमा गहिरो समवेदना व्यक्त गर्दै धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी कामना गर्दछौं।

नवराज वली
प्रमुख प्रशासकीय अधिकृत

इश्तियाक अहमद शाह
गाउँपालिका अध्यक्ष